## प्रश्न नं. ४५

**त्रि.वि. कानुन संकाय, नेपाल ल क्याम्पस एलएल.वि. द्धितिय बर्ष २०७५/०७६ को अभ्यास अदालत अन्तर्गत फौजदारी मुद्दाको विवरणः**

**(कक्षा रोल्नं. ५३६८ देखि ५४८९ सम्मका विद्यार्थीहरुका लागी मात्र)**

रामनारायण शाहको जाहेरीले नेपाल सरकार

बिरुद्ध

रौटहट जिल्ला, छत्रकोट गाउँपालिका वडा नं. ९ हरिशरण सक्सेना

मुद्दाः-ज्यान सम्वन्धी कसूर

**त्रि.वि कानुन संकाय ,नेपाल ल क्याम्पस एल एल. बी. द्धितिय वर्ष २०७६ को अभ्यास अदालत (moot court) को लागि निर्धारित मुद्दा**

| वादी | मुद्दा | प्रतिवादी |
|---|---|---|
| राम नारायण शाहको जाहेरीले | कर्तव्य ज्यान | हरिशरण सक्सेना |
| नेपाल सरकार | | फुलमाया सक्सेना |

- २०७४साल मंसिर १ गतेका दिन मेरी छोरी सिता शाह सक्सेना र हरि शरण सक्सेना बिच विवाह भएको र सन्तान भएको थिएन । ससुरा रामहरी सक्सेना दोस्रो विवाह गरी घर बाहिर बस्छन । ज्वाई हरि शरण सक्सेनाले बेला बखत रक्सी खाई छोरी कुट्ने गरी आएका थिए । त्यस्तैमा २०७५।८।१ गतेका दिन छोरी झुन्डिएर मरिन भनी खवर गरेकोले घटनास्थलमा गई हेर्दा पानी राखने ट्यांकीमा सलको पासो लगाई झुन्डिएकी,दुवै खुट्टा भुईमा टेकी शंकाजनक अवस्थामा लास रहेको हुँदा ज्वाई हरिशरण सक्सेना र सासु फुलमाया सक्सेनालाई कर्तव्य ज्यान मुद्दामा कारबाही गरी पाउँ भनी राम नारायण शाहले महानगरिय प्रहरी वृत बानेश्वरमा दिएको जाहेरी दरखास्त ।
- साढे ४ तलाको कौशीको पानी ट्याकी राख्ने फलामको बलोमा सल बाधेकी ,दुबै खुट्टा टेकेकी , घाटीमा निलो दाग ,मलद्धार र योनी बाट केही निस्किएको भन्ने समेत व्यहोराको लास जाँच मुचुल्का ।
- मृत्युको कारण Hanging भन्ने शव परिक्षण गर्ने चिकित्सकको प्रतिवेदन
- हरी शरण सक्सेना र फुलमाया सक्सेनाको अनसन्धान अधिकारी समक्ष भएको ईन्कारी बयान ।
- गंगादेवी श्रेष्ठ र रामदेवी श्रेष्ठले जाहेरी दर्खास्त संग मिलान हुने गरी गरेको मौकाको कागज ।

# प्रश्न नं. ४५

- हरिशरण सक्सेना र फुलमाया सक्सेनाले सिता शाह सक्सेनालाई सलको पासोले झुण्डाई मारी कर्तव्य ज्यानको कसुर गरेको हुँदा मुलुकी फौजदारी अपराध सहिता २०७४ को परिच्छेद १२ को दफा १७७ को कसुरमा ऐ. दफा १७८ बमोजिम सजाय गरी पाऊँ भन्ने समेत व्यहोराको अभियोग पत्र
- प्रतिवादीको अदालतमा ईन्कारी बयान
- काठमाडौ जिल्ला अदालतबाट भएको फैसला
- उच्च अदालत पाटनमा दायर भएको पुनरावेदन पत्र ।